## प्रस्तवाहरु.

जानकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मानपुर, बाँके
लुम्बीनी प्रदेश, नेपाल
२०७३

१। विगत कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा ।

२। करार कर्मचारीहरुको तलब र कर्मचारी व्यवस्थापन सम्बन्धमा ।

३। कृषि स्नातक र प्राविधिक सहायक विज्ञापन गर्ने सम्बन्धमा ।

४। योजना कार्यान्वयन गर्ने सम्बन्धमा (उपभोक्ता समिति गठन) ।

५। गत वर्ष समपन्न हुन नसकेका योजना म्याद थप गरी कार्य सम्पन्न गर्ने सम्बन्धमा ।

६। छाडा चौपाया व्यवस्थापन सम्बन्धमा ।

७। लम्पी स्किन रोगमा खर्च भएको रकम भुक्तानी सम्बन्धमा ।

८। गाउँपालिकाको घ वर्गको इजाजत प्रमाणपत्र उपलब्ध गराउने सम्बन्धमा ।

९। सेवा निवृत्त शिव बहादुर थापाको उपदान रकम भुक्तानी सम्बन्धमा ।

१०।भुक्तानी दिन बाकी व्यवस्थापन सम्बन्धमा ।

- जेनि मल्टीभिजन प्रा.लि.
- जोहन मिडिया एण्ड रिसर्च सेन्टर
- ग्रेस एण्ड ग्लोबल ट्रेडिङ प्रा.लि

११।विपद पिडितको लागि राहत सम्बन्धमा ।

१२। विविध सम्बन्धमा ।

- एम्बुलेन्सलाई व्यवस्थित रुपमा संचालन गर्ने सम्बन्धमा ।
- वडा नं. ५ मा निर्माण हुने बर्थिंग सेन्टरको डी.पि.आर बमोजिम निर्माण गर्ने सम्बन्धमा ।
- विज्ञापन एवम सहयोग सम्बन्धमा ।
- दिपक विल्डर्स(प्रा.) ली. को रकम भक्तानी गर्ने सम्बन्धमा ।
- मन्दिर रंगरोगन तथा मर्मत सम्बन्धमा ।
- छात्रवृत्ति सम्बन्धमा ।

## निर्णय तथा छलफलहरु

प्रस्ताव नं.१ को बुँदा मा छलफल गर्दा यस जानकी गाउँपालिकाको विगतमा भएको कार्यपालिका बैठकको समिक्षा गरियो ।

प्रस्ताव नं.२ को बुँदा मा छलफल गर्दा यस जानकी गाउँपालिका तथा वडामा कार्यरत करार कर्मचारीहरुको तलब र व्यवस्थापन सम्बन्धी हाललाई सम्झौता बमोजिम करार कर्मचारीहरुको तलब भुक्तानी गर्ने र कर्मचारी व्यवस्थापनको लागि सुशासन समितिको प्रतिवेदनको आधारमा आगामी कार्यपालिका बैठकमा करार कर्मचारीको व्यवस्थापन गर्ने भनी सर्वसम्मतबाट निर्णय गरियो ।

जानकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मानपुर, बाँके
लुम्बीनी प्रदेश, नेपाल
२०७३

प्रस्ताव नं.३ को बुँदा मा छलफल गर्दा यस जानकी गाउँपालिका अन्तर्गत कृषि शाखाको लागि कृषि स्नातक तथा प्रधानमन्त्री रोजगार शाखाको लागि प्राविधिक सहायक कर्मचारीहरुको नियमानुसार विज्ञापन गरी पदपूर्ति गर्ने भनी सर्वसम्मतबाट निर्णय गरियो ।

प्रस्ताव नं.४ को बुँदा मा छलफल गर्दा यस जानकी गाउँपालिकाको आ.व. २०८०/८१ को लागि गाउँपालिका तथा सबै वडाहरुको सम्पुर्ण योजनाहरुको आवश्यकता अनुसार उपभोक्ता समिति तथा ठेक्काबाट संचालन गर्न वडाहरुलाई पत्राचार गर्ने भनी सर्वसम्मतबाट निर्णय गरियो ।

प्रस्ताव नं.५ को बुँदा मा छलफल गर्दा यस जानकी गाउँपालिकाको गत आ.व.मा समपन्न हुन नसकेका योजनाहरुको अन्तिम पटकलाई आवश्यकता अनुसार म्याद थप गरी कार्य सम्पन्न गराउने निर्णय गरियो ।

प्रस्ताव नं.६ को बुँदा मा छलफल गर्दा यस जानकी गाउँपालिकाको छाडा चौपाया व्यवस्थापनको लागि प्राप्त हुन आएको रकम कार्यान्वयन गर्न १५(पन्ध्र) दिने प्रस्ताव आह्वानको सूचना प्रकाशन गरि प्रक्रिया अगाडि लग्ने भनी सर्वसम्मतबाट निर्णय गरियो ।

प्रस्ताव नं.७ को बुँदा मा छलफल गर्दा यस जानकी गाउँपालिकामा गाई,भैसीमा फैलिएको लम्पी स्किन रोग रोकथाम तथा उपचारको लागि खरीद गरिएको खोप तथा औषधिहरुको भुक्तानी सम्बन्धी प्रतिवेदन आर्थिक विकास समिति लिई सो समिति मार्फत प्रक्रिया अगाडि बढाउने भनी सर्वसम्मतबाट निर्णय गरियो ।

प्रस्ताव नं.८ को बुँदा मा छलफल गर्दा यस जानकी गाउँपालिकामा निर्माण व्यवासायीको रुपमा ठेक्कापट्टा गर्न 'घ' बर्गको इजाजत प्रमाणपत्र तपसिल बमोजिमको निर्माण व्यवसायीहरुलाई दिने भनी सर्वसम्मतबाट निर्णय गरियो ।

तपशिल :

- श्री गुरु नानक निर्माण सेवा,जानकी – ०२, बाँके ।

प्रस्ताव नं.९ को बुँदा मा छलफल गर्दा साबिकको खजुराखुर्द गा.वि.स बाट समायोजन हुँदै हाल यस जानकी गाउँपालिका अन्तर्गत वडा नं. ४ को वडा सचिव पदबाट सेवा निवृत्त भई सकेका श्री शिव बहादुर थापालाई नियमानुसार उपदान रकम उपलब्ध गराउने भनी सर्वसम्मतबाट निर्णय गरियो ।

प्रस्ताव नं.१० को बुँदा मा छलफल गर्दा भुक्तानी दिन बाकी जेनि जेनि मल्टीभिजन प्रा.लि. लाई बुलेटिन प्रकाशन वापत गाउँपालिका चालु शिर्षकबाट भुक्तानी गर्ने र ग्रेस एण्ड ग्लोबल ट्रेडिङ प्रा.लि बाट खरिद भएको सवारीसाधन रकम अध्यक्ष कोषमा बिनियोजन भएको रकमबाट भुक्तानी गर्ने भनी सर्वसम्मतबाट निर्णय गरियो ।

<u>प्रस्ताव नं.११</u> को बुँदा मा छलफल गर्दा जानकी गाउँपालिका अन्तर्गत वडा नं. १ देखि ६ सम्मका विपदमा परेकाहरुलाई विपद समितिको निर्णयको आधारमा नियमानुसार राहत एवम रकम दिने भनि निर्णय गरियो ।

<u>प्रस्ताव नं.१२</u> को बुँदा मा छलफल गर्दा तपशिल बमोजिमको निर्णय गरियो ।

<u>तपशिल :</u>

- जानकी गाउँपालिकाको एम्बुलेन्सलाई व्यवस्थित रुपमा संचालनको लागि यस जानकी गाउँपालिका बाँकेको एम्बुलेन्स सेवा संचालन तथा व्यवस्थापन कार्यविधि अनुसार संचालन गर्न निर्देशन दिने भनी निर्णय गरियो ।
- वडा नं. ५ बेलहरीमा निर्माण हुने बर्थिंग सेन्टरको तयार गरिएको डी.पि.आर बमोजिम निर्माण कार्य अगाडि बढाउने कार्य सम्बन्धित वडा अध्यक्ष र गा.पा. अध्यक्षज्युको छलफल र निर्देशन पश्चात मात्र गर्ने भनी निर्णय गरियो ।
- वडा दशैं तथा शुभ दिपावली २०८१ को शुभकामना र विज्ञापन आवश्यकता अनुसार बढीमा रु.१०,०००/-(अक्षरेपी दश हजार मात्र) सम्मको भुक्तानी दिने भनी निर्णय गरियो ।
- यस जानकी गाउँपालिका मानपुर,बाँकेको प्रशासनिक भवनको गेट दिपक विल्डर्स(प्रा.) लि. ले निर्माण गरेको र सो गेट निर्माणको भुक्तानी सम्बन्धी छलफल अर्को बैठकमा पेश गर्ने भनी निर्णय गरियो ।
- यस जानकी गाउँपालिका कार्यालय भित्र रहेको मन्दिरको रंगरोगन तथा आवश्यक मर्मत प्राविधिक इष्टिमेटको आधारमा अध्यक्ष कोषबाट भुक्तानी गर्ने भनी निर्णय गरियो।
- छात्रवृत्ति सम्बन्धमा छलफल गर्दा १५(पन्ध्र) दिने सूचना प्रकाशन गरी निवेदन माग गर्ने निर्णय गरियो ।

जानकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मानपुर, बाँके
लुम्बीनी प्रदेश, नेपाल
२०७३